संयुक्तराज्य न्याय विभाग
नागरिकअधिकार शाखा
आप्रवासीतथा कर्मचारी अधिकार खण्ड

# **अस्थायी संरक्षित दर्जा**(Temporary Protected Status, TPS) **भएका कामदारहरू आफ्नो काम गर्ने अधिकार सुरक्षित राख्नुहोस्**

अस्थायी संरक्षित दर्जा (Temporary Protected Status TPS) ले कामदारहरूलाई अमेरिकामा बस्ने अस्थायी अधिकार प्रदान गर्दछ। यदि तपाईँसँग TPS छ भने, तपाईँ काम गर्ने अनुमतिका लागि योग्य हुनुहुन्छ, जसलाई रोजगार अनुमोदन प्रलेख (Employment Authorization Document, EAD) पनि भनिन्छ। बिलम्बित देश निकाला (Deferred Enforced Departure, DED) भएकाहरूलाई पनि काम गर्ने अधिकार रहेको छ। तलको धेरैजसो जानकारी DED तथा TPS कामदारहरू दुवैका लागि लागू हुन्छ।

**तपाईँको EAD सोको अन्तिम म्याद पछि पनि वैध रहिरहन सक्छ।**
तपाईँले आफ्नो TPS EAD का लागि आवेदन गरिसकेपछि, सरकारले तपाईँको देशका लागि TPS विस्तार गर्न सक्नेछ। यसको अर्थ तपाईँलाई लामो अवधिका लागि अमेरिकामा बस्ने विकल्प उपलब्ध हुनेछ। यदि सरकारले तपाईँको देशका लागि टिपिएस विस्तार गर्छ भने, उसले Federal Register (फेडेरल रजिस्टर) मा उक्त विस्तार बारे प्रकाशित गर्नेछ।यसमा TPS का लागि कसरी इ-पञ्जीकरण गर्ने र काम गरिरहनका लागि नयाँ EAD का लागि आवेदन गर्ने विषयमा निर्देशनहरू सामेल हुनेछन्।

तपाईँको TPS EAD तपाईँको इएडिको अन्तिम मितिभन्दा पछिको मितिसम्म विस्तारित हुन सक्नेछ। कहिलेकाहीँ, TPS विस्तार घोषणा गरेका बेला सरकारले Federal Register मार्फत TPS EAD हरू स्वतः विस्तारित गर्दछ। Federal Register को सूचनाले तपाईँलाई आफ्नो EAD मा स्वतः नयाँ अन्तिम मिति कायम भएको छ छैन भन्छ जसले गर्दा तपाईँले नयाँ EAD का लागि आवेदन गरेर प्रतिक्षारत रहँदा कामलाई निरन्तरता दिन सक्नुहुन्छ। यदि Federal Register ले तपाईँको EAD स्वतः विस्तारित गर्छ भने, तपाईँले काम जारी राख्नका लागि अन्य कुनै प्रलेख देखाइरहनु पर्ने छैन। आफ्नो देशका लागि TPS तथा Federal Register सूचनाका विषयमा जानकारीका लागि www.uscis.gov/tps हेर्नुहोस्।

यदि सरकारले Federal Register सूचना मार्फत तपाईँको EAD स्वतः विस्तारित गर्दैन तर तपाईँले आफ्नो TPS EAD नवीकरणका लागि आवेदन गर्नुभएको छ भने, तपाईँ आफ्नो EAD को अन्तिम मितिभन्दा पछि पनि, नयाँ EAD का लागि प्रतिक्षारत रहँदा कामलाई निरन्तरता दिन सक्नुहुनेछ। तपाईँको EAD को म्याद सकिएको 540 दिन पछिसम्मका लागि, तपाईँले आफ्नो काम गर्ने अनुमतिको प्रमाणका रूपमा, सरकारले आफ्नो EAD नवीकरण आवेदन प्राप्त गरेको देखाउने I-797C रसिद सहितको आफ्नो TPS (DED होइन) EAD सूचना प्रस्तुत गर्न सक्नुहुन्छ।

केही TPS EAD हरू अन्य किसिमका विस्तारहरूका लागि योग्य हुन सक्छन्।इएडिहरूको स्वतः विस्तारका विषयमा बढी जानकारीका लागि Handbook for Employers M-274 (रोजगारदाताहरूका लागि निर्देशिका एम-२७४) को यो जानकारी पढ्नहोस्। बढी जानकारीका लागि तपाईँले आप्रवासन तथा कर्मचारी अधिकार खण्ड (Immigrant and Employee Rights Section, IER) मा पनि फोन गर्न सक्नुहुनेछ।

**तपाईँको EAD EAD विस्तार अवधिको अन्त्य सम्म वैध रहनेछ।**
यदि तपाईँको EAD Federal Register सूचना मार्फत विस्तारित गरिएको छ भने, तपाईँको EAD Federal Register मा घोषणा गरिएको इएडि विस्तार अवधिको अन्त्य सम्मका लागि वैध हुनेछ। यदि तपाईँको EAD तपाईँले EAD नवीकरणका लागि दिनु भएको आवेदनका आधारमा विस्तारित गरिएको छ भने, तपाईँले I-797C सहित आफ्नो इएडिसँग EAD मा सूचीकृत अन्तिम मितिदेखि 540 दिनसम्म काम गर्न सक्नुहुनेछ। यदि तपाईँको रोजगारदाताले तपाईँको प्रलेखीकरण स्वीकार गर्दैन भने वा अतिरिक्त प्रलेखहरूको माग गर्छ भने, IER लाई फोन गर्नुहोस् र हामी तपाईँलाई मद्दत गर्न सक्नेछौँ।तथ्यहरूमा आधारित रहेर, कुनै रोजगारदाताले आवश्यक नभएका बेला अतिरिक्त प्रलेखीकरणको माग गर्छ भने उसले 8 U.S.C. § 1324b(a)(6) मा IER ले कार्यान्वयन गर्ने कानुन उल्लङ्घन गरेको हुन सक्छ।

**तपाईँको EAD विस्तार अवधिको अन्त्य सम्ममा, तपाईँले आफ्नो रोजगारदातालाई आफूलाई काम जारी राख्न अनुमति भएको देखाउनु पर्ने हुन सक्छ।**
EAD विस्तार अवधि अन्त्य भएपछि, उक्त EAD वैध रहनेछैन। त्यस बेला, तपाईँको रोजगारदातालाई Form I-9 का लागि प्रलेख हेर्न आवश्यक हुन सक्छ जसले तपाईँलाई काम जारी राख्ने अनुमति दिएको होस्। यस विस्तार अवधिको अन्त्य सम्ममा, तपाईँसँग आफ्नो नयाँ EAD हुनु पर्नेछ। तपाईँले आफ्नो रोजगारदातालाई उक्त प्रलेख वा Form I-9 Lists of Acceptable Documents (स्वीकार्य प्रलेखहरूको फाराम आइ-९ सूची) बाट एक List A प्रलेख वा एक List C प्रलेख देखाउन सक्नुहुनेछ।

**आप्रवासन तथा कर्मचारी अधिकार खण्ड** (Immigrant and Employee Rights Section, IER)
कामदार हटलाइन: १-८००-२५५-७६८८
www.justice.gov/ier | www.justice.gov/crt-espanol/ier
फोन कलहरू अज्ञात हुन सक्नेछन् र भाषा सेवाहरू उपलब्ध छन्।
टिटिवाइ १-८००-२३७-२५१५

**अमेरिकी नागरिकता तथा आप्रवासन सेवा** (U.S. Citizenship and Immigration Services, USCIS)
१-८००-३७५-५२८३
www.uscis.gov/tps
टिपिवाइ १-८००-७६७-१८३३